महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १७ अङ्क : ५ महिना : भाद्र, २०७३

## हिंसामा महिला र बालबालिका

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । दिन प्रतिदिन घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार, दाइजो तथा अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् ।

महिला बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि भनेर सरकारी तथा गैरसरकारी क्षेत्रमा समेत ठूलो लगानी भईरहेको छ । दैनिक रुपमा विविध कार्यक्रमहरु सञ्चालन भइरहे पनि महिला तथा बालबालिका माथि हुने हिंसा न्यूनिकरण हुनुको सट्टा पुनारावृति भइरहेको देखिन्छ । महिला तथा बालबालिका सम्बन्धी हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यममा बज्जे सन्देश र सडक नाटक, सडक छेउ वा मानिसको चहलपहल बढी हुने ठाउँमा राखिएका ठूलाठूला होर्डिङ बोर्डले पनि समाजमा सकारात्मक प्रभाव पार्न सकेको छैन ।

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७३ को भाद्र महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका ८ वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित ४ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ४ घटना प्रकाशित भएका छन् । प्रकाशित समाचारमा हत्या, बलात्कार सामूहिक बलात्कार, कुटपिट, दाइजो, बोक्सी आरोप लगायतका घटनाहरु महिला र बालबालिका सँग सम्बन्धित रहेका छन् ।

### हिंसामा महिला :

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ४ वटा महिला हिंसा संग सम्बन्धीत समाचार प्रकाशित भएको पाइएको छ । त्यसमध्ये २

महिलाको बोक्सी  र दाइजोका नाममा हत्या भएको छ, भने यौन शोषण र बलात्कारबाट १-१ महिला पीडित भएको समाचार प्रकाशित भएको छ ।




,

**हिंसामा बालबालिका :**




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ४ वटा पहिचान गरेका छन् । त्यसमध्ये ३ बालिका बलात्कृत भएकी छिन्, भने १ यौन शोषणबाट पीडित भएको समाचार प्रकाशनमा आएको छ ।

**क्षेत्रगत आधारमा :**

हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पश्चिमाञ्चल ४, मध्य-पश्चिमाञ्चल २ र सुदूर-पश्चिमाञ्चलमा १ रहेको देखिन्छ ।




मनव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन), राष्ट्रिय सूचना आयोग र प्रेस काउन्सिल नेपालको संयुक्त रुपमा आयोजना भइरहेको मासिक कार्यक्रमको चौथो श्रृंखला अन्तर्गत भदौ महिनामा **सूचनाको हक र पत्रकार आचार संहिता**बारे छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा इह्रिकनका अध्यक्ष अमृता लम्साल र कार्यकारी निर्देशक कपिल काफ्लले कार्यत्रपत्र प्रस्तुत गर्नुभएको थियो ।







थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१- ५५४४२०५, ५२६१९०४ मा सम्पर्क गर्न अनुरोध छ